# उपभोक्ता समितिलाई निर्माणपूर्व र पश्चातअभिमुखिकरणनिर्देशिका, २०८०

**बारेकोट गाउँपालिका**
**लिम्सा, जाजरकोट**

**लक्ष्य**

जिविकोपार्जनका साधनहरु तथाप्राकृतिक स्रोतको सुदृढ व्यवस्थापनमार्फतजिल्लाको जलवायु संकटासन्न, खाद्य असुरक्षित र गरिव घरपरिवारको अनुकूलनक्षमताअभिवृद्धि गरी स्थानीयपूर्वाधारको निर्माणव्यवस्थापनकार्य दिगो रुपमा सञ्चालन गर्ने ।

**उद्धेश्यः**

- आयोजना सञ्चालनतथाव्यवस्थापनकालागिपूर्ववतरुपमाआवश्यक पर्ने ज्ञान, सिप र अवधारणाकाबारे जानकारी उपलब्ध गराउने ।
- आयोजना सञ्चालनतथाव्यवस्थापन सम्बन्धीज्ञान, सिप र अवधारणाको विकास गरी आयोजनाको दिगो सञ्चालनकालागि सघाउ पुर्‍याउने ।
- पुर्वाधार विकासकाआयोजनाहरुको गुणस्तर कायम राख्न गर्नुपर्ने आवश्यककार्यहरुबारे उपभोक्ताहरुलाई जानकारी उपलब्ध गराउने ।
- आयोजना सञ्चालनार्थ प्रयोग हुने स्थानीयतथाबाह्य गैर खाद्य सामाग्रीको गुणस्तर मापनकातवरतरीकाबारे उपभोक्तालाई जानकारी उपलब्ध गराउने ।
- स्थानीयपूर्वाधार विकास आयोजनाहरुको सञ्चालनपूर्व तथा सम्पन्नपश्चात गर्नुपर्ने प्रक्रियागत अभिलेखिकरणकाबारे उपभोक्ताहरुलाई जानकारी उपलब्ध गराउने ।

## उपभोक्ता समिति, स्थानिय सरकार, र अन्यविकास साझेदार संस्थाको भुमिकातथाजिम्मेवारी

### स्थानीय सरकार

- स्थानीय सरकारको नीति, प्राथमिकतातथा योजनाप्रकृयासँगस्थानीयपूवाधार विकास आयोजनातथाक्रियाकलापहरु आवद्धगर्दै कार्यान्वयनको प्रभावकारीता सुनिश्चित गर्ने ।
- आयोजनाकोनियमित समिक्षा, अनुगमनतथा समन्वय गर्ने र एकिकृत रुपमाबिभिन्ननिकायको श्रोतहरुलाई परिचालन गर्ने ।
- योजनातर्जुमातथाकार्यान्वयनअवधिमा स्थानीय समाजिक संस्था, निजी क्षेत्र, समुदायकाउपभोक्ता समिती, समुदायमाआधारित संस्था, बिभिन्नजातजाती, अनुसन्धानतथा शैक्षिक संस्थाहरुसंग समन्वयतथा परामर्श गर्ने ।
- विभिन्नविकास साझेदारबाट संचालनगरिने जलवायु परिवर्तन, खाद्य सुरक्षा संग सम्वन्धित परियोजनाहरुमा दोहोरो पनाहटाउने तथाआवश्यकताअनुसार मिलान कोषको ब्यवस्थापन गरी योजनाको स्वामित्व ग्रहण गर्ने ।
- योजनानिर्माणक्रममाअनुगमनगरि योजनाको दिगोपनाकालागीपहल गर्ने ।
- आयोजनाकोप्रतिफल/नतिजाको दिगोपनाको लागि मर्मत संभार कोष स्थापनातथाअन्यनीतिगत, कार्यक्रमगत र सँस्थागतव्यवस्थागरि प्रभावकारी कार्यान्वयन गर्ने ।
- आवश्यकताअनुसार सम्बन्धितविभागतथाशाखाहरुलाई उचितनतिजाहासिल गर्न परिचालन गर्ने ।
- सहभागीकामदारहरूलाई सुरक्षाकाआवश्यकउपायहरूबारे जानकारी गराउने ।
- उपभोक्ता समूहलाई लैंगिक सचेतनाको ढंगले ब्ययस्थापन समिति सदस्यमनोनयन गर्न सहयोग गर्ने, ब्यबस्थापन समितिलाई उनीहरूको उत्तरदायित्वबारे जानकारी गराउने ।
- गैर खाद्य सामग्रीहरू तथादक्षकामदार उपलब्ध गराउने ।
- परियोजनाकार्यान्वयनको सुपरिवेक्षण गर्ने र प्राविधिक सहयोगको साथै लैङ्गिक सचेतनाको ढंगले सामाजिक परिचालन गराउने ।
- उपभोक्ता समितिसँगको सहकार्यमा परियोजनाको प्रगतिअनुगमन गर्ने ।
- सार्वजनिक लेखा परीक्षण सञ्चालन गर्न व्यबस्थापन समितिलाई सहयोग गर्ने ।
- उपभोक्ता समितिलाई व्यवस्थापनखर्चको उपलब्धता सुनिश्चित गर्ने । सम्पन्नभएकाकामको प्रमाणीकरण गर्ने ।

## उपभोक्ता समिति

उपभोक्ता समितिगठनगर्दा सहभागितामुलकविधिअपनाई कामदारहरु मध्यबाटगठनगरिन्छ । यसको गठनप्रकृयामा सामाजिक समावेशीकरणझल्किने जातजाति, धर्म, लिङ्गआदिलाई समेट्दै निर्णयात्मक पद (अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव) माकम्तिमा१ जनामहिलाप्रतिनिधित्वलाई सुनिश्चित गर्नु पर्दछ । यसरी गठनगरिएको समितिको कामकर्तव्य तथाअधिकार निम्नलिखित रहेका छन् :

- पूर्वाधार निर्माण गर्ने क्रियाकलापहरूमा सहभागीहुने ।
- डिजाईन ईस्टिमेटमाउल्लेख भएअनुसारको श्रमदान गर्नु पर्ने ।
- स्थानीयतहकोप्राविधिक सहयोगमाकामदारलाई समुहमाविभाजनगरि कामको बाँडफाँड गर्ने तथानिर्माणऔजार र सामग्रीहरूको व्यवस्था गर्ने ।
- आयोजनाको प्रगतिअनुगमन गर्ने । आवश्यकश्रोतहरूको व्यवस्थाको लागिनगरपालिकालाई सूचनाप्रवाह गर्ने ।
- श्रम, नगदतथा गैर खाद्य सामग्रीहरूको आयव्ययको अभिलेख राख्ने र मासिक रुपमा साझेदार संस्थालाई प्रतिवेदन पेश गर्ने ।
- स्थानीयतहबाटनगदतथा गैर खाद्य सामग्रीहरू प्राप्तभएपछिउचिततवरले राखन धरन र ढुवानी गर्ने ।
- सम्झौताभए अनुरुपको समयतालिकाअनुसार सहभागीकामदारहरूलाई नगदवितरण गर्न सहयोग गर्ने ।
- प्रत्येक परियोजनामाकम्तीमादुईपटक सार्वजनिक लेखा परीक्षण सञ्चालन गर्ने ।
- सम्पन्नभएका सार्वजनिक सम्पत्तिहरूको सञ्चालनतथा मर्मत सम्भारको योजनाबनाउने र उपयुक्त सञ्चालनतथा मर्मत सम्भारको व्यवस्था गर्ने ।
- सम्झौतामाउल्लेखितशर्त तथाप्रावधानहरूको पूर्ण पालना सुनिश्चित गराउने र समस्याहरू समाधान गर्ने, यदि सम्झौताभएअनुसारको दायित्वहरू पालननभएको खण्डमास्थानीयतहलाईजानकारी दिने ।
- आयोजनाकोप्रभावकारी कार्यान्वयन र अनुगमनको लागिआवश्यकताअनुसारसहयोग गर्ने ।
- परियोजना सम्पन्नप्रतिवेदनतयार गर्ने र नगरपालिकामा पेश गर्ने ।

## परियोजनाबाटगरिने क्रियाकलापहरु ( लागत, इष्टिमेट तथाड्रइङ )

विकास योजनाछनौट गर्दा मुख्यतदुई वटा कुरालाई मध्यनजर गर्नुपर्दछ । पहिलो,जलवायु परिवर्तनबाटप्रभावितव्यक्ति, घरधुरी, समुदाय र जीविकोपार्जनकाश्रोत केन्द्रितजलवायु परिवर्तन अनुकूलनतथाविपद् जोखिमन्यूनीकरणरव्यवस्थापनकाविशेष कार्यहरुलाई वार्षिक योजनामा समावेश गर्नु पर्दछ । यसो गर्दा स्थानीय जोखिमविश्लेषणतथाअनुकूलनविवरणको आधारमाअनुकूलनआवश्यकता र पहिचानभएकाकार्यलाई समावेश गर्नु पर्दछ । दोश्रो, विकासकाकार्यलाई जलवायु मैत्रीवनाउनयसको लागिप्राथमिकताअथवा योजनाछनौट गर्दा जलवायु मैत्री र न्यूनउत्सर्जन विकासकाकार्यक्रमछनौट गर्नु पर्दछ । विकासकाकार्यवाट जोखिम सृर्जना गर्ने अथवाविद्यमान जोखिमलाई बढाउने भएको खण्डमाउपयुक्त जोखिमन्यूनीकरणकाउपायहरु अवलम्बन गर्न सकिने सम्भावनाको आधार छनौट गर्नु पर्दछ । योजनाछनौट गर्दा मुख्यतजोखिमतथा संकटासन्नविश्लेषणतथावस्तुगतविवरण-जोखिमपाश्र्वचित्रको (Risk Profile) आधारमा गर्नुपर्दछ ।

यसरी छनौट भएका योजनाहरुलाई दिगोपन तथाअपनत्वप्रदान गर्न नागरिक समाजका संस्थाहरु, उपभोक्ता समूह, आमातथामहिला समूहहरु, बालक्लव, स्थानीय गैर सरकारी संस्था, सहकारी संस्था, निजी क्षेत्रका संस्थाजस्ता स्थानीय संघ, संस्थाहरुको सक्रिय सहभागिता र परिचालन गराईनु पर्दछ । यस कार्यको मुख्यउद्धेश्यजलवायु संकटासन्न घरधुरी तथा समुदायको जीविकोपार्जन प्रणालीलाई जलवायु उत्थानशीलबनाउनु र स्थानीयतहको पूर्वाधार विकासका योजनाहरुलाई जलवायु मैत्रीबनाउन ुरहेको छ ।

**कार्यहरु**

- जलवायु मैत्रीप्रविधितथापूर्वाधार, श्रममाआधारित, हरित पुनर्लाभविकासका योजनाहरुको छनौट गर्ने ।
- स्थानीय सरकारको संयन्त्रबाहिर रहेका अनुकूलनकाअभ्यास, श्रोत, क्षमतातथाज्ञानलाई पहिचान गरी योजनाछनौट प्रक्रियामा सहभागी गराउने । योजनाछनौट प्रकृयामाजलवायु परिवर्तनमाकार्यरत घरधुरी, समुदाय र सामाजिक संघ संस्थाहरु तथा परियोजनाहरुसंग छलफल गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिमन्यूनीकरणतथाव्यवस्थापनसम्बन्धीतयार भएको स्थानीयतहको वस्तुगतविवरणलाई (Risk Profile)आधार बनाएर अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्ने ।
- छनौट भएकाजलवायु परिवर्तन अनुकूलन र विपद् जोखिमन्यूनीकरणतथाव्यवस्थापनकाकार्यहरुबाटप्राप्तलाभको लगातार लेखाजोखा गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिमन्यूनीकरणतथाव्यवस्थापनका योजनाहरु छनौट गर्दा जलवायु जोखिममा रहेका समुदायहरुलाई बस्ती स्तरमाविभाजन गरी उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।

- यसरी छनौट भएका योजनाहरुको सूचीप्राथमिकीकरणको लागिलिखित रुपमावडा समितिमापठाउने ।

<u>छनौटकामुख्यआधारहरु</u>

छनौट गर्दा जोखिम, संकटासन्न परिवार, वस्ती, समुदायहरुको जलवायु उत्थानशीलप्रणालीतथा स्रोतमापहुँच पुऱ्याउने, संकटासन्न समुदायको क्षमताअभिबृद्धि गर्ने र जलवायु मैत्रीप्रविधितथापूर्वाधार विकासमाअनुकूलनकाअभ्यास एंवकार्य समावेश योजनापहिचान गर्नु पर्दछ । विशेषगरी महिला र संकटासन्न परिवार लक्षितकार्यलाई प्राथमिकतामा राख्नुपर्दछ । छनौटकाआधार निम्नहुनहुनेछन्:

- विकासका योजनाछनौट गर्दा वातावरण र जलवायुलाई प्रतिकुल असर नपुर्‍याउने, जलवायु मैत्री र न्यूनउत्सर्जन, संकटासन्न परिवार, वस्ती, स्थानीय समुदायहरुको जोखिमतथा फरक प्रभावकम गर्ने, परिवर्तित जलवायु र जोखिमसंग अनुकूलनहुने,खाद्य सुरक्षालाई प्रवर्द्धन गर्ने,दिगो र जनमुखीकार्यक्रम समावेश गर्ने ।
- पारिस्थितिकीयप्रणालीमाखललनपर्ने गरी प्राकृतिकश्रोतको उचितप्रयोग तथाव्यवस्थापन केन्द्रितकार्यक्रम।
- पूर्वाधार विकासका योजनाहरु छनौट गर्दाजलवायुजन्य जोखिमले पार्न सक्ने असर र यसको न्यूनीकरण गर्न उपायहरु पहिचान गर्ने ।
- व्यक्ति, घरधुरी, समुदाय र सामाजिक संघ, संस्थाहरु तथा परियोजनाहरुले पेश गरेको जलवायु उत्थानशील योजनातथाजीविकोपार्जनकाकार्यक्रमहरू ।

**लागत ईस्टिमेट**

स्थानीयतहकाकर्मचारीले स्थलगतअनुगमनगर्दै सर्भे गरि उक्तआयोजनाको विस्तृत विवरणतयार गर्नेछन् । यदिउक्तआयोजनाकार्यक्रमको उद्देश्यसँग मेल खाने भएमाउक्तआयोजनाको विस्तृत डाटाहरु संकलनगरि प्राविधिककर्मचारीहरुले लागत ईस्टिमेट तयार पारि परियोजना संचालन रिन्छ ।

लागत ईस्टिमेट तयार गर्दा नेपाल सरकारको स्थानियपूर्वाधार विभागको नियमानुसार तयार गरिएको हुन्छ । लागत ईस्टिमेट तयार गर्दा सम्बन्धितजिल्ला/पालिकाको दर रेटलाई आधार मानिएको हुन्छ र उक्तलागत ईस्टिमेट पालिकाको प्राविधिककर्मचारीसँगछलफल गरेर अन्तिम रुप दिइनेछ र प्रमाणितभएको लागत ईस्टिमेटकाआधारमा योजना संचालनगरिनेछ । लागत ईस्टिमेटकाआधारमाकामदारहरुलाई संस्थाकाप्राविधिककर्मचारीहरुले अभिमुखीकरणपश्चात योजना स्थलमै रहेर निर्माणकार्यमा सहयोग पुऱ्याउने छन् । सर्भे, लागततथा ईस्टिमेट गर्ने क्रममानिम्नलिखितऔजारहरुको प्रयोग गरिएको हुन्छ :

- थियोडोलाइट
- लेवल मेसिन
- रेञ्जिङ रड
- मेजरिङ टेप

- अटो क्याड
- एब्नी लेवल
- क्यालकुलेटर
- जि.पि.एस.

**हाते औजार :** योजनामाकाम गर्न सहजबनाउनहाते औजारको पनिव्यवस्थागरिएको छ । योजनाको भौतिकपक्षलाई मध्यनजर गर्दै हाते औजारको परिमाण र हाते औजारमा के के समावेश गर्ने टुङ्गो लगाइने छ । सामान्यतयाहाते औजारमा गैती, साबेल, बेल्चा, घन, छिना, लेवलपाइप,आरा आदि संस्थाद्वारा उपलब्ध गराइने छ भने स्थानिय स्तरमा सहजै उपलब्धहुने हाते औजार जस्तै कुटो, कोदालो, हसिँयाआदि को प्रवन्धकामदार आफैले गर्नु पर्ने हुन्छ ।

**निर्माण सामाग्रीको खरिदः**

निर्माण सामाग्रीको खरिद नेपाल सरकारको प्रचलितकानुनबमोजिमवा स्थानीयतहले तर्जुमा गरेको स्थानीयतह सार्वजनिकखरिद ऐन, वानियमावलीअनुसार हुनेछ ।

**स्थानियनिर्माण सामाग्रीको गुणस्तर :**

**ढुंगा :** ढुंगा खस्रो, गरुंगो, कडा, पानीनसोस्ने र प्वालनभएको हुनुपर्छ । चर्केको ढुंगा र दर्शन ढुंगाप्रयोग गर्नु हुदैन । खोलाको कडाठूलो ढुंगाफुटाएर प्रयोग गर्न सकिन्छ ।
**गिट्टी** : ढलान गर्नको लागिगिट्टीको प्रयोग गरिन्छ । यो दुई प्रकार बाटप्राप्त गर्न सकिन्छ ।
१. प्राकृतिक- खोला, नदीवा खानीबाट
२. कृत्रिम- उपयुक्त ढुंगाफुटाएर
गिट्टी खस्रो, कडा, एकै आकारको र गोलो नभई कुनाहरु निस्केको, सामान्यतय साइज ५ मीमी देखि २० मीमी सम्मको उपयुक्तहुन्छ । चिल्लो/दर्शन किसिमको, फस्के अथवा नरम खालको, धेरै पातलो र लाम्चो आकारको, गोलो र एकै आकारको प्रयोग गर्नु हुदैन ।
**वालुवा**ः वालुवा खस्रो, चिनीआकारको सफा र दानेदार, कडाकिसिमको, माटो, झारपात र बिरुवाका जराहरु नमिसिएको उपयुक्तहुन्छ । बढिटल्कने वालुवाप्रयोग गर्नु हुदैन । सुख्खावालुवाप्रयोग गर्नु पर्दछ, यदिभिजेको वालुवाप्रयोग गरेमासिमेन्ट र पानीको अनुपातनमिल्नगई गुणस्तर घट्न जान्छ ।

**बाह्रयनिर्माण सामाग्रीको गुणस्तर**
**सिमेन्ट** : बजारमापाइने ४३ र ५३ ग्रेड मध्ये ५३ ग्रेडको महंगो तर ४३ ग्रेड भन्दा राम्रो । तौल ५० केजीहुनुपर्ने । उत्पादितमितिहुनुपर्ने र सो मिति ३ महिनाननाघेको र सिमेन्टको बोरा थिच्दाकडानभएको हुनुपर्ने । नेपालगुणस्तर चिन्हNS-49अथवाISIचिन्हप्राप्तहुनुपर्ने । बजारमाप्रचलित केही नेपाली ब्राण्डहरु हेटौडासिमेण्ट, विश्वकर्मा सिमेन्ट र केहीभारतीयब्राण्डहरु सतनासिमेण्ट, जे पीसिमेण्ट ।
**छड (सरिया)** : बजारमापाइने ६ मीमी, ८ मीमी, १० मीमी, १२ मीमी, १६ मीमी र २० मीमी । तौल र कम्पनीको नामउल्लेख हुनुपर्ने । उल्लेख भएको तौल अनुसार छ कि छैन जाखेरै जाँच्ने ।

खियानलागेको हुनुपर्ने । नेपालगुणस्तर चिन्हNS-84अथवाISIचिन्हप्राप्तहुनुपर्ने । बजारमाप्रचलित केहीब्राण्डहरु हिमाल, पञ्चकन्या, बागेश्वरी, जगदम्बा, हामा ।

**जिआइतार** : बजारमापाइने ७ गेज, ८ गेज, १० गेज, ११ गेज, २० गेज आदिमध्ये सिंचाई आयोजनामाग्याबियनजालीबनाउनको निम्ति १० गेज (३.५ मीमीडायमिटर) बढीप्रयोग गरिन्छ । उक्तजिआइतार राम्ररी ग्यालभनाइजगरिएको र खियानलागेको हुनुपर्दछ । नेपालगुणस्तर चिन्हNSअथवाISIचिन्हप्राप्तहुनुपर्दछ ।

**बाइण्डीङ्गतार** : यो सरिया बाँध्नको निम्तिप्रयोग गरिन्छ । यो २० गेज को हुन्छ । नेपालगुणस्तर चिन्हNS अथवाISIचिन्हप्राप्तहुनुपर्दछ ।

**केबल तार** : यो पाइपलाइनलाई खोलाखोल्सीपार गराउनप्रयोग गरिन्छ । बजारमापाइने ६ मीमी, ८ मीमी, १३ मीमी र १६ मीमी । नेपालगुणस्तर चिन्हNS अथवाISIचिन्हप्राप्तहुनुपर्दछ ।

**पोलिथिनपाइप** : बजारमापाइने २० मीमी, २५ मीमी, ३२ मीमी, ४० मीमी, ५० मीमी, ६३ मीमी, ७५ मीमी, ९० मीमी, ११० मीमी, १२५ मीमी र माथि । पाइपमा कोरिएको हरियो रंगले PN६, पहेंलो रंगलेPN१०, बैजनीरंगले PN१२.५ र सेतो रंगले PN१६ भन्ने बुझाउँछ । नेपालगुणस्तर चिन्हNSप्राप्तहुनुपर्दछ । बजारमाप्रचलित केहीब्राण्डहरु लक्ष्मीप्लास्टीक, पञ्चकन्या, टण्डन, नेपालप्लास्टीक ।

## निर्माण सामाग्रीभण्डारण

### सिमेन्ट

सिमेन्ट राख्ने ठाउँमाचिस्यानहुनुहुदैन । भित्तावागारोलाई नछुने गरि एक फिटछाडनु पर्दछ । भुईमा सम्भव भएसम्म २ तहफल्याकबिछ्याउनु पर्दछ । सिमेन्टको तहमिलाएर राख्दा बढिमा १० व्याग राख्न सकिन्छ र गोदाम कोठाहावा, पानी र चिस्यानबाट जोगाउनु पर्दछ । सिमेन्टलाई प्लास्टिकले छोपेर राख्नु पर्दछ । सिमेन्टउत्पादन गरेको लगत्तै प्रयोग गर्न सकिएनभने जतिशक्तिदिनु पर्ने हो त्यति दिन सक्दैन । सिमेन्टउत्पादनभएको मितिले ३ महिनामा २० प्रतिशत र क्रमश घट्दै गएर २४ महिनामा ५० प्रतिशत सम्म शक्ति घट्दछ ।

### अन्यबाह्य निर्माण सामाग्री र औजारहरु

पानी पर्ने अथवाचिसो हुने स्थानमा नराख्ने । एकै स्थानमा सुरक्षित साथ राख्नु पर्दछ । आगो नजिक राख्नु हुदैन र सामाग्रीको प्रकृति हेरी कामअनुसार बेग्ला बेग्लै पंक्तिमामिलाएर राख्नु पर्दछ ।

**स्थानियनिर्माण सामाग्रीहरु :**निर्माण स्थलनजिकै पानीले नबगाउने ठाउँमा सुरक्षित साथ राख्नु पर्दछ । माटो र झारपातनमिसिने ठाउँमा राख्नु पर्दछ । वालुवा र गिटीलाई ढुंगाले वरिपरी घेरेर राख्नु पर्दछ । काठहरु चाङमिलाएर पानीले नभिज्ने ठाउँमा राख्नु पर्दछ ।

## लाइटटचइन्जिनियरिङ विधि

यस आयोजनाबाट सञ्चालनगरिने निर्माणकार्यको सर्भे तथालागतइष्टिमेट तयार गर्ने क्रममाठूलातथामहँगा मेसिनहरुको सट्टामा सानातथाहल्कामेसिनहरुको प्रयोग गरिन्छजस्तै एब्नी लेवल, जि.पि.एस, मेजरिङ टेप, लेवलपाइप, क्याम्वर बोर्ड आदि । निमार्ण कार्यमाठूलानिमार्ण मेसिनहरु जस्तै डोजर, एक्साभेटर आदिको प्रयोग प्रतिबन्धित छन् ।

**बिभिन्नकाममानिर्माण सामाग्रीको अनुपात**

**प्लास्टर** :

यसको लागिसिमेन्ट, वालुवा र पानीमिसाएर मसलाबनाइन्छ । मसलातयार गर्दा मिश्रण गर्ने ठाउँमामाटो, झारपात र बिरुवाका जराहरु हुनु हुँदैन । टिनको पाता, प्लास्टीकवा चेप्टो ढुंगाबिछ्याएर समतलठाउँबनाउनु पर्दछ । सिंचाईको काममा सामान्यतय १:३ (१ भाँडासिमेन्ट र ३ भाँडावालुवा) वा १:४ (१ भाँडासिमेन्ट र ४ भाँडावालुवा) प्रयोग गरिन्छ । बेल्चाको सहायताले पहिले पानीनहालीसिमेन्ट र वालुवालाई समान रंगको मिश्रणनहुन्जेल सम्म मिश्रण गर्नुपर्दछ । त्यसपछिथोरै थोरै पानीहाल्दै बिस्तारै चलाउदै फर्काउदै मसलातयार पार्नुपर्दछ । मसलातयार भएपछितसलामा राखीनिर्माणकार्यमा ३० मिनेट भित्रकर्नीको सहायताले प्रयोग गरि सक्नु पर्दछ । साधारणतयमसला धेरै गिलो वा साह्रो हुनु हुदैन । सिमेन्ट र वालुवानाप्ने भाँडोको रुपमातसला, कन्टर, कट्टाआदिप्रयोग गर्न सकिन्छ । सिमेण्टको मसलाप्रयोग गरेर ढुंगाको गाह्रो लगाउँदा सामान्यतय १:४ वा १:६ को मसलाप्रयोग गरिन्छ ।

**पि.सि.सि. :**

यसको लागिसिमेन्ट, वालुवा, गिटी र पानीमिसाएर मसलाबनाइन्छ । मसलातयार गर्दा र प्रयोग गर्दा माथिउल्लेख भएका कुराहरु पालना गर्नुपर्दछ । सिंचाईको काममा सामान्यतय १:२:४ (१ भाँडासिमेन्ट, २ भाँडावालुवा र ४ भाँडागिटी ) प्रयोग गरिन्छ । यसको प्रयोग जगमा, छानामाढलान गर्न, कूलोको भूइँमा, आदिकार्यमा हुन्छ । पि.सि.सि.माफलामप्रयोग भएमाआर.सि.सि. भनिन्छ । आर.सि.सि.को कामगर्दा पहिले काठवाटीनको फर्मा सफा, सिधा, समतल, नचुहिने र बलियो बनाउनु पर्छ । त्यसपछि सरिया मिलाउने र बाँध्ने काम सकेपछिमसलाखन्याइन्छ, खन्याउदा धेरै माथिबाटखन्याउनु हुदैन र खन्याई सकेपछित्यसलाई तुरुन्तै राम्ररी खाँद्नु पर्दछ । फर्मालाई कम्तिमा २ हप्तासम्मखोल्नु हुँदैन । मसलातयार गर्दा पानी र सिमेन्टको अनुपात ४ : १० (४ लिटर पानी र १० केजीसिमेण्ट) देखि ६ : १० (६ लिटर पानी र १० केजीसिमेण्ट) सम्म उपयुक्त हुन्छ ।

**क्यूरिङ किन र कसरी**

सिमेन्टप्रयोग भएको संरचनालाई बलियो बनाउनकालागिपानीले भिजाउने प्रक्रियालाई क्युरिङ भनिन्छ । प्लास्टर, पि.सि.सि. आर.सि.सि. र सिमेण्टको मसलाप्रयोग गरेर ढुंगाको गारो आदिमासिमेन्टप्रयोग भएको २४ घण्टापछिक्युरिङ गरिन्छ । कम्तिमा७दिन र बढिमा १४ दिन सम्म दिनहु बिहान बेलुकाक्युरिङ गर्नु पर्दछ । क्युरिङ विभिन्नतरिकाले गर्न सकिन्छजस्तै जुटको बोरा अथवाबाक्लो कपडाभिजाएर संरचनालाई छोप्ने/भिजाउने, संरचनालाई भिजाएर परालले छोप्ने/भिजाउने, चिसो माटोले छोप्ने/पटकपानी छर्कने वादिनहु बिहान बेलुकापानीले भिजाउने । क्युरिङ नगरिएको संरचनाचर्कने, फुट्ने वाभत्कने संभावनाहुन्छ ।

**आवश्यकजनशक्ति** :

कार्यक्रमद्वारा संचालनगरिने निर्माणकार्यका लागिदुइकिसिमकामानवजनशक्तिको आवश्यक्ता पर्दछ ।

**दक्षजनशक्ति** :

दक्षजनशक्तिभन्नाले सीप, ज्ञानभएको , लगनशिल, अनुभवि र आफ्नो कामलाई कुशलतापुर्वक गर्न सक्ने व्यक्तिलाई बुझाउँदछ । कुनै पनिविषयमानिर्माणगरिएकाभौतिक सामुदायिक संरचनाहरुको स्थायित्वकालागिप्रत्येक योजनामादक्षजनशक्तिको आवश्यक्ता पर्दछ । निर्माणक्रममा मेसनरी काम, प्लास्टर, कामको गुणस्तरलाई ध्यानदिने, सानातिना समस्याहरुलाई समाधान गर्ने र स्थानिय स्तरमाउपलब्धश्रोत, ज्ञान र सीपको सदुपयोग जस्ताकामको लागिदक्षजनशक्तिलाई परिचालनगरिन्छ । संरचनानिर्माणको लागि सकेसम्म स्थानिय स्तरमाउपलब्धदक्षजनशक्तिको परिचालनगरिनेछ तर संरचनालाई समपन्न गर्न विशेष किसिमको दक्षताको आवश्यक्ता परेमाबाहिरबाटपनिल्याएर संरचनालाई पूर्णतादिनुपर्ने हुन्छ ।

**अदक्षजनशक्ति** :

आफुमाविशेष किसिमको ज्ञान, सीप, अनुभवको कमिका कारणअरुमाआश्रित भएर काम गर्ने जनशक्तिलाई अदक्षजनशक्तिभनिन्छ । संरचनानिर्माणको कामकाउनिहरुको पनिविशेष भुमिका रहन्छ । निर्माण सामाग्रीको संकलनतथाउक्त संकलित सामाग्रीलाई योजना स्थलसम्म पुऱ्याउन, खन्ने, रोडाकुट्ने कामजस्ताकार्यहरुमाअदक्षजनशक्तिको विशेष भुमिका रहन्छ ।

**कामदारहरुको समुहविभाजन** :

भनिन्छ सबैको जिम्मेवारी भनेको कसैको पनिजिम्मेवारी होइन । निर्माणकार्यमापनियदि सबै कामदारलाई कामको जिम्मेवारी दिन सकिएनभने काम समयमा सम्पन्नहुदैन, कामको लागत धेरै र कामदारको पनिमनोबल घट्दै जाने जस्ता समस्याहरु आइपर्छन । यस्तै कुराहरुलाइमध्यनजर गर्दै कामलाई न्यायोचितढङ्गबाट संचालन गर्नलाई कामदारहरुको समुहविभाजनगरिन्छ । कामको आधारमा समुहविभाजनगरि लागतइस्टिमेटमा संलग्नगरिएको हुन्छ । यसरी समुहविभाजनगर्दा समानकामहुने र पाउने रकममापनि धेरै अन्तर नहुने भएको हुनाले कामदारहरुको कामप्रतिको लगावपनि बढ्छ । कामको परिमाणको आधारमा रकमवितरणहुने भएकाले समुहविभाजन गरेर कामगर्दा कामकाढिला सुस्ती, ठगीहुनबाटपनि जोगाउछ ।

**कामदारको कामको तालिका :**

अन्तराष्ट्रियश्रम कानुनअनुसार सामान्यतया एक जनाव्यक्तिले दिनमा ८ घण्टाक्रियाशिलभएर काम गर्न सक्छ । सोही कुरालाई मध्यनजर गर्दै यस कार्यक्रमापनिकामदारहरुले ८ घण्टाक्रियाशिलभएर लाग्नु पर्ने हुन्छ । सबै कामदारको सहमतिमाकामको शुरु गर्ने समय र अन्त्य गर्ने समय तोकेर काम गर्न सकिन्छ । समुहविभाजन गरेर काम गर्ने भएकाले प्रत्येक समुहको काम गर्ने समय फरक हुन सक्ने भएतापनिकर्मचारीद्वारा कामको नियमितनापजाँच, कामको गुणस्तरको मुल्याङ्कनगर्दै कामदारलाई प्राविधिक सहयोग गर्नु पर्ने भएकोले सकेसम्म सबै समुहको कामको तालिका एकै किसिमको हुँदाप्रभावकारी हुन्छ । कामको विचमाखाजाखाने

समय, पानीखाने समय, चर्पी जाने समय र छोटो छोटो आराम गर्ने समयको पनिव्यवस्थापनगरिएको हुन्छ ।

**संचार तथाप्रतिवेदन**

कुनै पनि योजना/परियोजनाको प्रभावकारी कार्यान्वयनतथामुल्याङ्कनको लागिप्रभावकारी संचार र प्रतिवेदनप्रणालीहुनअत्यावश्यकहुन्छ । प्रभावकारी संचार प्रणालीले सुचनाहरुलाई सहज र सरल रुपमा एक अर्का बीचमा पुऱ्याउनमद्दतगर्दै नियमित रुपमा सही सुचनाप्रवाह गर्न सहयोग गर्दछ । यसरी नियमित रुपमा संचार गर्दा आइपरेका सानाठूला समस्याहरुलाई सही समयमा परिस्थितिअनुसार समाधान गर्ने उपायहरु पनिप्रदानगर्दछ ।

यस परियोजनामा संचालित योजनामाभएकाकामहरुको पारदर्शिताकायम गर्न, न्यायपूर्ण तरिकाले श्रमदानजुटाउन, सम्पन्नकामको भुक्तानीलिन, निर्माण सामाग्रीहरु सुरक्षित र व्यवस्थित गर्न, धेरै पछिभविष्यसम्म सबैको योगदानको लेखाजोखा गर्न उद्देश्यका साथप्रत्येक योजनामा योजनाकिताबको व्यवस्था गरेका हुन्छ । उक्त योजनाकिताबमा परियोजनाको विवरण, उपभोक्ता समितिको विवरण, योजनाको सम्झौताफारम,लाभान्वितको विवरण, योजनाको इष्टिमेट, नगदआम्दानीको विवरण, प्राप्तभएकाहाते औजार , सुरक्षा सामाग्री, निमार्ण सामाग्री र त्यसको खर्चको विवरण,हाजिरी, सार्वजनिक लेखालगायतकाविभिन्नमहत्वपूर्ण सुचनाहरु समावेश गरिएको हुन्छजसलाई संस्थाकाकर्मचारी र उपभोक्ता समितिको पदाधिकारीहरुको संलग्नतामाभरिन्छ । उक्त योजनाकिताबउपभोक्ता समितिसँग योजना स्थलमा रहने भएकाले सबैजनाले हेर्न/त्यसमाभएकाविवरणहरुलाई रुजु गरि सही सुचनाप्रवाह गर्नमा सहयोग गर्न सकिन्छ ।योजना स्थलमा संस्थाको कर्मचारीले उपभोक्ता समितिको सहयोगमाप्रत्येक दिनको हाजिरीको साथमाप्रत्येक समुहको कामको परिमाणउठाउनु पर्ने हुन्छ । यसरी दैनिकउठाएको कामको परिमाणलाई साप्ताहिक रुपमाकर्मचारीद्वारा कार्यालयमा पेश गर्नु पर्नेछ ।

**वातावरणियपक्षहरु :**

भौतिक संरचनानिमार्णको कामगर्दा वातावरणलाई ध्यानदिन जरुरी हुन्छ । वातावरणीयव्यवस्थापन योजनामान्युनिकरण, मुल्याङ्कनतथा संस्थागतउपायहरु समावेश गरि संरचनानिर्माणको क्रममा सामाजिकतथावातावरणमापार्न सक्ने प्रतिकुल असरहरुलाई न्युनिकरणगर्दै स्वीकार्य स्तरसम्म ल्याउनविभिन्न रणनीतिहरु वनाएको हुन्छ । हामीले गरेका निमार्णको कारणले सामाजिकतथावातावरणमाप्रतिकुल असर नपर्ने हिसाबले गर्नु पर्छ । जलवायु परिवर्त्तनको अनुकूलनकालागि सहज गराउनकालागिनिम्नलिखित कुराहरुलाई ध्यान पुऱ्याउनु पर्छ :

निर्माणकार्यको क्रममाखन्दानिस्किएको माटोलाई व्यवस्थापन गर्नु पर्दछ । यसरी निस्किएको माटो प्रत्यक्षवाअप्रत्यक्ष रुपमाखोलामामिसिन्छ, माटोको सुख्खापहिरो जाने देखि पहिरो जाने सम्म जोखिम बढ्दै जान्छ । माटो व्यवस्थापनको लागिभकारी बनाएर अथवाखाल्टो खनेर पुर्न पनि सकिन्छ । ठाँउको पहिचान गरेर उपयुक्त स्थानमाढुङ्गाको सुख्खागाऱ्हो लगाएर पनिमाटोको व्यवस्थापन गर्न सकिन्छ । संरचनाको लागतइस्टिमेट तयार गर्दा निस्किएको माटोलाई ३० मिटर सम्म माटो बोकेर त्यसलाई व्यवस्थापन गर्ने हिसाबले गरेको हुनाले उपयुक्त स्थानको पहिचान गरेर माटोलाई

व्यवस्थापन गर्ने कामदारको जिम्मेवारीमा पर्दछ । भिरालो ठाँउमाखन्ने क्रममाठाडो पारेर नकाटीअलिक स्लोप पारेर काट्नु पर्ने हुन्छ। माटोलाई त्यही स्थानमा राख्न र पहिरो जाननदिनलाई वृक्षारोपणको कामहरु गरेर वातावरणमा पर्न सक्ने तथा परेका प्रभावहरुलाई न्युन गर्न सकिन्छ।

निर्माणकाक्रममाविभिन्न सामाग्रीहरुको प्रयोग गरिएको हुन्छ। यसरी सामाग्रीहरु ल्याउदा र प्रयोग गर्दा भण्डारणको क्रममाबोरा, प्लास्टिकजन्यपदार्थहरुको व्यवस्थापन गर्नु आवश्यकहुन्छ । पुन : प्रयाग गर्न मिल्ने वस्तुहरुलाई सोहीअनुरुपव्यवस्थापनगर्दै वातावरणमा पर्न सक्ने प्रभावहरुलाई न्युन गर्नु पर्छ। प्रत्येक दिन काम सकिएपछिप्रयोग भएका सामाग्रीहरुलाई व्यवस्थापनगर्दै निमार्ण स्थल सफा गरेर मात्रनिस्किनुपर्छ।

कार्यक्रम संचालनगर्दा वातावरणलाई ध्यानदिँदै वातावरणव्यवस्थापन योजनातयार गर्दै निमार्ण कार्यलाई अगाडिबढाउनुपर्छ । संरचनाअनुसार केही फरक हुने यस योजनाबनाउदाउक्त संरचनानिर्माणगर्दा कतिमाटो निस्किन्छ र त्यसलाई कुन स्थानमाव्यवस्थापन गर्ने , माटो व्यवस्थापन गर्नलाई सुख्खागाह्रो कहाँ र कतिनिमार्ण गर्ने, सिँचाइको योजनाहो भने कुलोमापानीकतिल्याउने,पानीको वितरण कसरी गर्ने जस्ता सामाजिकतथाप्राविधिकपक्षहरुलाई ध्यानदिएर योजनाबनाएको हुन्छ।

**स्वास्थ्यतथा सुरक्षा**

यस आयोजनाले लाभग्राहीहरुको लागि स्वास्थ्यतथा सुरक्षाको लागिनिम्नअनुसारको प्रवन्धमिलाएको हुन्छ :

**व्यक्तिगत सुरक्षा**

आयोजना संचालनको अवधिभर लाभान्वितवर्गको व्यक्तिगत सुरक्षाको प्रवर्द्धन गर्न आयोजनामानिम्नानुसारका सुरक्षा सामाग्रीको प्रवन्ध गर्ने । आयोजना संचालनअवधिभर लाभान्वितवर्गले सुरक्षा सामाग्रीको नियमितप्रयोग गर्नु पर्दछ । उक्त सामाग्रीहरु आयोजना सम्पन्नपश्चातउपभोक्ता समितीले संस्थालाई फीर्ता गर्नु पर्दछ ।

- गमवुट
- हेल्मेट
- टल्कीने ज्याकेट
- चस्मा
- पञ्जा
- मास्क

**कामदारहरुको सामुहिकविमातथाप्राथमिकउपचार बाकस :**

पालिकाअन्तरगत संचालनहुने हरेका भौतिकपूर्वाधार विकासकाआयोजनाहरुमा संलग्नलाभग्राहीवाकामदारहरुको निमार्ण कार्य संचालनपूर्व विमाको ब्यबस्थाआयोजनाबाटगरिएको हुनेछ । यसरी गरिने बिमा गर्ने संस्थाले लाभग्राहीलाईनिमार्ण कार्यका बेलादुर्घटनाभई चोट पटकलागेको खण्डमाविमागर्ने संस्थाले घटना स्थलको प्रहरी र स्थानीय देखे चिनेको मुचुल्कालाई हेरी दाबीभएको रकमको ८० प्रतिशत सम्म भुक्तानीदिनेछ । तर लाभग्राहीको दुर्घटनाभई मृत्यु भएको खण्डमाविमाकम्पनीले घटना स्थलको प्रहरी र स्थानीय देखे चिनेको मुचुल्कालाई हेरी भुक्तानीदिनेछ । भुक्तानीकालागिनिवेदनदिदाआयोजनामा संलग्नभएको कागजात, प्रहरी मुचुल्का, वडाको सिफारिस, सहयोगी संस्थाको सिफारिस लाभग्राहीवाहकवालाले अनिवार्य संलग्न गराई पेश गर्नु पर्नेछ । तर कुनै लाभग्राहीक्याफस कर्णाली परियोजनाअन्तरगतनिमार्ण भईरहेको आयोजनाको काममाभन्दाअन्यत्रगई दुर्घटनाभएको खण्डमाविमाकम्पनीले भुक्तानी गर्न बाध्यहुने छैन । अन्यविमा सम्बन्धीब्यबस्थाआयोजना र विमाकम्पनी बिच भएको सहमतितथा सम्झौतामाब्यबस्थाभएबमोजिमहुनेछ । यसै गरि निर्माण स्थलमाकामगर्दा सानो तिनो चोट लागेका खण्डमाप्राथमिकउपचार गर्नका लागि सामान्यप्राथमिकउपचार बाकस प्रत्येक आयोजनामा संस्थाद्वारा उपलब्ध गराएको हुनेछ ।

**घटनाको रिपोर्टिङ, रेकर्डिङ तथाव्यवस्थापन**

निर्माणको क्रममाविशेष सावधानीअपनाउनु पर्दछ । विभिन्नऔजारहरुको प्रयोग तथाअप्ठेरो ठाँउमाकाम गर्नु पर्ने भएकोले कामगर्दा घटनाहुन सक्ने सम्भावनाप्रवल रहन्छ । निर्माणको कामगर्दा व्यक्तिगत सुरक्षा सामाग्रीको अनिवार्य प्रयोग गर्नु पर्छ जसले गर्दा हुनसक्ने दुर्घटनाको क्षतिलाई न्युन गराउँछ । कहिले काही सबै सावधानीको उपायहरु अपनाउँदापनिदुर्घटनाभएको अवस्थामात्यसलाई व्यवस्थितढङ्गबाटप्रकृया अगाडिबढाउनलाई घटनाको रिर्पोटिङ साइटमा रहेको संस्थाकाकर्मचारीले आफ्नो कार्यालयमागर्दछन् । त्यसपछिविमारीलाई प्राथमिकउपचार गरेर अरु उपचारको लागि पुऱ्याउदै गर्दा संस्थाद्वारा निर्मित फारममाकर्मचारीले घटनाको रेकर्ड गर्नु पर्दछ जसमाघटनाको विस्तृत विवरण राख्नु पर्दछ । उक्तभरिएको घटनाफारमलाई पनिविमाको रुकमदावी गर्ने बेलामा राखेर अरु कागजातसँग पेश गरिन्छ ।

**निर्माण स्थलको व्यवस्थापनतथाचिन्हहरु**

निर्माण स्थलको व्यवस्थापनले संभावितदुर्घटनालाई न्युन गर्न सहयोग गर्दछ । हामीले काम गर्ने स्थानहरु साल्है कठिन र जोखिमपुर्ण भएको हुनाले निर्माण स्थलको उचितव्यवस्थापन गर्न जरुरी हुन्छ । निमार्ण स्थलमाविभिन्नकिसिमको सावधानीअपनाउने चिन्हहरु उपयुक्त स्थानमा सबैले देखिने गरेर राख्न पर्दछ । उक्त राखेको चिन्हको बारेमाकामदार सबैलाई अभिमुखिकरणगर्दै जानकारी दिनु पर्दछ ।

भौतिक संरचनानिर्माणको काममा सानो सानो कुराले पनिकामको प्रतिफलमा असर गर्दछ । कामदारको सुरक्षा , गोपनियता र आवश्यक्तालाई सुनिश्चित गर्ने हेतुले निम्नलिखित कुराहरुको व्यवस्थापन यस कायक्रममाव्यवस्थागरिएको छ :

**अस्थायीचर्पी**:प्रत्येक योजना स्थलमाकम्तिमा एक वटाअस्थायीचर्पीको व्यवस्थागरिएको छ । महिला पुरुषको लागिअलगचर्पीको व्यवस्थागर्दै गोपनियतालाई सुनिश्चितहुने हिसाबले चर्पीको निर्माणगरिएको हुनेछ । योजनाको काम सकिएपश्चातउक्तअस्थायीचर्पीलाई सुरक्षितहिसाबले व्यवस्थापनगरिएको हुनेछ । अस्थायीचर्पी निर्माणको लागिचाहिने सामाग्रीको परिणामलागतइष्टिमेटमा समावेश गरि संस्थाले व्यवस्था गराउने छ ।

**पिउने पानी** :

सुरक्षितपिउने पानीको व्यवस्थाप्रत्येक योजना स्थलमा गराउनु पर्छ । सुरक्षितपिउने पानीको व्यवस्थायदिनजिकै उपलब्धनभएमाकामदारहरु मध्ये केहीलाई अवस्था हेरेर पानीको व्यवस्थापन गर्ने र सोही गरे बापतहाजिर लगाउनने प्रावधानको व्यवस्था गर्न सकिन्छ । पानीको व्यवस्थापन गर्नलाई कामदार मध्ये अति नै संकटासन्न, जसलाई गह्रौ भौतिकनिर्माणकार्यमा समावेश गर्न सकिँदैन त्यसतो कामदारलाई जिम्मादिन सकिनेछ ।

**बालबालिका स्याहारको व्यवस्था**

भौतिक संरचनानिर्माणगर्दा वालसंरक्षणको कुरालाई ध्यानदिनु पर्दछ । हामी स्थानिय स्तरमा स्थानिय योजनाहरुको निर्माणमा संलग्नहुने भएकाले कामदारहरुको घरमाबालबालिका स्याहार गर्ने जिम्मेवार व्यक्तिको अनुपस्थितिका कारणले निर्माण स्थलमै ल्याउने भएकाले निर्माण स्थलमाबालबालिकाको सुरक्षाको लागि स्याहार गर्नलाई उपयुक्त स्थान र स्याहार गर्नका लागि हेरालोको पनिव्यवस्थागरिएको हुनेछ ।स्याहारगर्नलाई कामदार मध्ये अति नै संकटासन्न, जसलाई गह्रौ भौतिकनिर्माणकार्यमा समावेश गर्न सकिँदैन त्यसतो कामदारलाई जिम्मादिन सकिनेछ ।

**लैङ्गिकतथा सामाजिक समावेशीकरण :**

हामीले निमार्णगर्ने संरचनाको काममा सबै कामदारहरुलाई सम्मानगर्दै एक अर्कासँग सुमधुर सम्बन्धकायम गर्नुपर्छ । कामगर्दा एक अर्कालाई सहयोग गर्दै सबै जातजाति, धर्म, लिङ्ग , एकलमहिला, बस्तीलाई समेटेको हुनुपर्छ । समाजमापछि परेका/पारिएकाहरुको सहभागिता सुनिश्चत गराउनुपर्छ जसले गर्दा उनीहरुको आत्मसम्मानबढ्ने, आफ्नो ठाँउको बिकासमा योगदानहुने र जिविकोपार्जनमापनि सहयोग पुऱ्याउँदछ । विभिन्नजातजाति, धर्म, लिङ्ग का व्यक्तिहरु एकै ठाउँमाआएर कामगर्दा गाँउलाई एकिकृत हुनमद्दतगर्दछ । कुनै पनिप्रकारको हिंसा, लाभ, लोभ, मोह, पूर्वाग्रह, ब्यक्तिगतफाइदाजन्यक्रियाकलाप गर्न गराउननिषेध गर्दै समावेशितरिकाले कामगरि लक्षितवर्ग तथासमुदायको अधिकतम सहभागिता गराउनुपर्छ । समानकामलाई समानज्यालाको व्यवस्थाभएकोले महिलापुरुष सबैलाई सहभागीहुने अवसर प्रदान गर्नुपर्छ ।

**कडा परिश्रम पर्ने निर्माणकार्यमागर्भवती, सुत्केरी, तथा ज्येष्ठनागरिक समावेश/प्रतिवन्ध :**

समाजमाकामगर्दा कुनै पनिक्रियाकलापमा समानअवसरप्रदान गरेर सबैको सहभागिता सुश्चित गराउनु पर्दछ । यसो भन्दै गर्दा निर्माणकार्यमाकामदारहरु सहभागी गराउदाध्यान पुऱ्याउनु पर्दछ । गर्भावस्थामा रहेका तथा सुत्केरी महिलाहरू, रजेष्ठनागरिकहरूलाई कडाशारिरीक परिश्रम पर्ने काममालगाउनु हुदैन । गर्भावस्थातथा सुत्केरी महिलाहरुलाई आरामतथापौष्टिकआहारको जरुरत हुने भएकाले उहाँहरुले सकेसम्म काम गर्नु हुदैन । बालबालिकाहरुको मुख्यजिम्मेवारी विद्यालयमागएर पढ्नु हो । उनीहरुको शारिरीक विकास पुर्ण रुपले नभइ सकेको हुनाले काममाउनीहरुलाई पनि संलग्न गराउनहुदैन । यस्तै ज्येष्ठनागरिकहरुको पनि सहभागिताकडा परिश्रम पर्ने काममा गराउनहुदैन । यदिकुनै पनि घरमा अरु कोहीपनिकाम गर्न सक्ने सदस्य छैन र गर्भावस्थामा रहेका तथा सुत्केरी महिलाहरू, र जेष्ठनागरिकहरू मात्र रहेको छ भने उनीहरुको जीविकोपार्जन तथाआधारभुतआवश्यक्ता पुऱ्याउनको लागिहल्काखालको जसमाकुनै पनिकिसिमको शारिरीक कसरत नपर्ने कामजस्तै हाजिर लगाउने , क्युरिङ गर्ने, बालबालिका स्याहार गर्ने, पिउने पानीको व्यवस्थापन, कामको गुणस्तर हेर्ने तथाकाम गर्नलाई स्थानियतरिका तथाउपायहरु दिने आदिजस्ताकामहरुमा सहभागी गराउन सकिन्छ ।

**सरोकारवालासँग समन्वयतथा सहकार्य**

एक थुकी सुकी सय थुकीनदीभने झै कुनै पनिकामहरु गर्दा सरोकारवालाहरुसँग समन्वयतथा सहकार्य गरेर गर्दा अझप्रभावकारी हुन्छ । यस्तै संरचनानिमार्णको काममात्यहाँ रहेको स्थानियनिकाय (पालिका, वडा ) अगुवाईमा त्यस क्षेत्रमाकार्यरत विभिन्न गैह्र सरकारी संस्थासँगपनि समन्वयतथा सहकार्य गरेर कामको दोहोरोपनाहुननदिनतथाकामको प्रभावकारीताबढाउन सकिन्छ । निर्माण गर्ने संरचनाको अनुगमनतथामुल्याङ्कन गरेर, लगानीमा साझेदार गरेर वा सामुहिकलगानी कोष खडा गरेर सरोकारवालासँग समन्वयतथा सहकार्य गर्न सकिन्छ । कार्यक्रमबाटगरिएको क्रियाकलापहरुको प्रगतिविवरणहरु पेश गर्दै आएका समस्याहरुको छलफलगरि सरोकारवालाहरुको सबैको राय सुझावलिदै कामगर्दा अझै प्रभावकारी हुन्छ ।

**मर्मत संभार तथा संचालन योजना**

साना–तिना मर्मतको कामजुनथोरै समयमाथोरै परिश्रम लगाएर गर्न सकिन्छ, त्यसलाई त्यत्तिकै छोडिदियौ भने मर्मत नै गर्न नसकिने गरी बिग्रन सक्छ । जस्तै कूलोबाटथोरै पानीचुहिदा–चुहिदैठूलो पहिरो जान सक्छ । मर्मत संभार भन्नाले नियमित रुपमागरिने मर्मत कार्यलाई जनाउँछजसले गर्दा योजनाव्यवस्थित र दीगो हुन्छ र उपभोक्ताहरुले लामो समयसम्मबढीभन्दाबढीफाईदा लिन सक्दछन् । पुनःनिर्माण गर्नुभन्दानियमित रुपमा मर्मत कार्य गर्नु वुद्धिमानीहो ।

मर्मत सम्भारको कामभन्नाले साधारणमाटोको कामको मर्मत, नहरमाअथवायसको डिलमावनेको प्वालथुन्ने, नहरमाथुप्रेका कसिंगर एवं गिटीवालुवा सफाई गर्ने, गेट भएमा तेल अथवाग्रीजलगाउने, कूलो भित्रको झारपातउखेल्ने, नहरको डिलबलियो बनाउने, पाइपवाकुनै संरचनाको फुटेको ठाँउको मर्मत गर्ने आदि ।

**योजना मर्मत सम्भारको कामलाई कम गराउने उपायहरु**

नदीमावाढीआएको बेलावावाढी सकिनासाथनहर चलाउनहुदैन किनभने त्यतिवेलापानीमावढीवालुवाहुन्छ । नहरमाअटाई नअटाई पुरै भरिने गरी पानी संचालन गर्नु हुदैन ।

गाई भैंसीलाई नहरको जुनसुकै ठाउँवाटनहर तराउने वाहिडाउने काम रोक्नुपर्छ । नहर तर्न पुलेसाको व्यवस्था गर्नुपर्दछ । नहरको बाहिरी डिलबाटमाटो काट्नु हुदैन, डिलकाट्नाले नहर कमजोर हुन्छ । नहरको वरिपरी पानीभएमापानीको निकासको व्यवस्था गर्नु पर्दछ । नहरमालुगावाअन्यधुने कामको लागि छुट्टै व्यवस्था गर्नुपर्दछ । घुमाउरो नहरको भाग, पानी रसाउने भाग र वस्तीवाटजाने नहरको भागलाई श्रोत भएसम्मपक्कीबनाउनु पर्दछ ।

पोखरी सिंचाईमापोखरीको माथिल्लो भागअग्लो र पहिरो जाने सम्भावना छ भने त्यसलाई भचाङ जस्तै आकारमाकाटेर माथिबाट बगेर आउने पानीको लागिउपयुक्तनिकास दिनुपर्दछ । पाइपलाइनविछ्याउदामुहानदेखि पोखरीसम्मकूलोको जस्तै slopeमिलाएर विछ्याउनु पर्दछ ।मिलेन भने पाइपलाइनको गहिरो भागमावालुवाजम्ने र अग्लो भागमाहावाजमेर पानी रोकिने वाकमबग्ने संभ्भावनाहुन्छ । यसैगरी पोलिथिनपाइपलाई २.५ फीटदेखि ३ फीटसम्म गाड्नु पर्दछ ।पाइपलाई खुल्लाछोडिदियो भने आगो, मानिस वागाईगोरुले क्षतिपुचाउन सक्दछ र भिरालो जमिनमामाथिको माटो पानीले बगाई पाइपबाहिर निस्कने सम्भावनाहुन्छ । पोखरी निर्माणको क्रममा घेरवारको कामनसकिएसम्मप्लास्टिकबिछ्याउनु हुँदैन र काम सम्पन्नभएपछि गेटमातालालगाउनु पर्दछ । पोखरीको जोखिमबारे पनिआफ्ना केटाकेटीलाई सचेत बनाइराख्नु पर्दछ ।

उचित मर्मत सम्भार भएनभने निर्माण गरेको संरचना राम्ररी संचालनहुन सक्दैन र लक्षितवर्गले फाइदालिन सक्दैन, सहयोगी संस्था र उपभोक्ताको लगानी खेर जान्छ, मर्मत सम्भार कोषमाशुल्कउठाउनकठिनाई हुन्छ र क्रमश संरचनाको अवस्थाझन् नाजुकबन्दै जान्छ । त्यसैले मर्मत सम्भार कामको लागिपालैपालो गर्नेगरी एकजना सकृय हेरालोको व्यवस्था गर्नुपर्दछ जसको अर्को महत्वपूर्ण जिम्मेवारी न्यायपूर्ण तरिकाले योजनाबाटप्राप्तहुने लाभवितरण गर्नु हो ।

**मर्मत सम्भार समितिको गठन :**

आयोजनाको दीर्घकालिनब्यबस्थापनकालागि एक मर्मत संभार समितिको गठनहुनेछ । आयोजना क्षेत्रमा रहेका लाभग्राहीहरुको भेलाबाट सर्वसहमतिबाटनिम्नबमोजिमको मर्मत संभार समितिको गठनहुनेछ ।

क. अध्यक्षः

ख. उपाध्यक्षः

ग. सचिवः

घ. कोषाध्यक्ष

ङ. सह-सचिवः

च. सदस्यः

छ. सदस्य

माथिउल्लेख भएबमोजिमगठनभएको मर्मत संभार समितिको काम, कतब्य र अधिकार निम्नबमोजिमहुनेछ ।

- आयोजनको रेखदेख तथा मर्मत संभार गर्ने गराउने ।
- लाभग्राही, स्थानीय सरकार तथा सरोकारवालानिकायहरुसँग आवश्यक समन्वयतथा सहकार्य गर्ने ।

- आयोजनाबाटहुने लाभदामासाहीकाहिसाबले सबै लाभग्राहीलाई उपयोग तथाप्रयोग गर्न दिने ।
- सबै लाभग्राहीलाई भाईचारको ब्यबहार गर्ने साथै पक्षपात रहितब्यबहार गर्ने ।
- आयोजनाको मर्मत संभार कार्य संचालनगर्दा लाभग्राहीको बैठक बोलाई छलफल गराउने ।
- मर्मत संभार कोषको प्रयोग तथा परिचालनगर्दा धेरै लाभदिने तर कमखर्च हुने कार्यमा सबैको राय सल्लाहाबमोजिम गर्ने ।
- मर्मत संभार कोषको बृद्धिकालागिविभिन्नतहका सरकार, सरोकार वालानिकायतथा संघ संस्था र ब्यक्ति सँग समन्वयतथा सहकार्य गर्ने ।
- आम्दानीतथाखर्चको विवरणप्रचलितकानूनबमोजिमचुस्त दुरुस्त र पारदर्शि ढंगबाट राख्ने ।
- आर्थिक वर्ष समाप्तीको ३ (तीन) महिनाभित्रआयब्यायको लेखा परिक्षण गराउने ।
- अन्यकार्य लाभग्राहीतथा स्थानीय सरकारले तोके बमोजिमहुनेछ ।

**आयोजना संचालनकालागि मर्मत संभार कोषको स्थापना**

दिगो विकास तथाप्रभावकारी कार्यका लागिकुनै पनिभौतिक संरचनानिमार्ण गरिनुलाई मात्रमानिदैन तसर्थ विकास एउटा निरन्तर चलिरहने प्रक्रियाभएतापनि हरेक भौतिकनिमार्णका आयोजनाहरुको दिगो तथाटिकाउकालागि मर्मत संभार जरुरी हुन्छ । यसरी मर्मत संभार गरि आयोजनालाई निरन्तर संचालनगर्दा यहाँका स्थानीयबासिन्दावालाभग्राहीको आर्थिक, भौतिकतथा सामाजिक साँस्कृतिक क्षेत्रको पहुचमा बृद्धिगर्दछ । त्यसैले हरेक आयोजनाको प्रभावकारी तथादिगो रुपमा संचालनकालागि मर्मत संभार कोषको आवश्यकता पर्दछ सोहीअनुरुपपालिकाअन्तरगतनिमार्ण हुने भौतिकनिमार्णका आयोजनाहरुको दिगो विकासकालागि एक मर्मत संभार कोषको ब्यबस्थागरिएको हुनेछ जुन कोषकालागिनिम्ननिकायतथाब्यक्तिहरुबाट रकमजम्मागरिने छ । जसको संचालनतथाब्यबस्थापनमाथिमर्मत संभार तथा संचालन योजनामाउल्लेख भएबमोजिमगरिनेछ ।

क. ब्यक्तिगत सहयोग रकम

ख. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाटप्राप्तअनुदान

ग. लाभग्राहीबाट संकलन रकम

घ. बैदेशिक सहयोग

ङ. स्थानीयतथाअन्तराष्ट्रिय गै.स.स. बाटप्राप्त रकम

यसरी माथिउल्लेखित मर्मत संभार कोषको प्रभावकारी संचालन, ब्यबस्थापनतथा संरक्षणकालागिवडाअध्यक्षको महत्वपूर्ण भूमिका रहने भएकाले सम्बन्धितवडाको वडाअध्यक्ष कोषको संरक्षण्क रहने छ ।

**मर्मत संभार कोषको संचालनतथाब्यबस्थापन**

यसरी मर्मत संभार तथा संचालन योजनामाउल्लेख भएबमोजिम यस आयोजनाको मर्मत संभारका लागिप्राप्त रकमलाई मर्मत संभार कोषमाआम्दानीबाँधिएको हुनेछ । उक्त कोषको संचालन मर्मत संभार समितिकापदाधिकारीहरु क्रमशअध्यक्ष, कोषाध्यक्ष र सचिव संयुक्तदस्तखतबाटहुनेछ साथै उक्त कोष संचालनकालागि एक जनामहिलापदाधिकारी अनिवार्य भएको हुनेछ ।

यस कोषको ब्यवस्थापनतथाप्रयोगकालागि मर्मत संभार समितिकापदाधिकारीहरुको बैठक बसि तयार पारेको कार्ययोजनाबमोजिमखर्च गर्न सकिने छ तर यस्तो निर्णय गर्दा कम्तीमा ८० प्रतिशत कोष संचालनतथाब्यवस्थापन समितिका सदस्यहरुको अनिवार्य उपस्थितिभएको हुनु पर्नेछ । कोषबाटखर्च भएको रकमको पारदर्शि तथाप्रभावकारी लेखाब्यबस्थापनभएको हुनु पर्नेछ साथै आ.व. को अन्त्यमाप्रचलितकानूनतथा ऐन नियमबमोजिम लेखा परिक्षणभएको हुनुपर्नेछ ।

**पारदर्शितातथाजवाफदेहिता**

कार्यक्रममापारदर्शीता र जवाफदेहीताप्रवर्द्धन गर्नका लागिनिम्नानुसार गतिविधी संचालनगरिन्छ ।

**सुचनापार्टी**

आयोजनाको विस्तृत विवरण समेटीयको एक सुचनापार्टीको हरेक आयोजनामाव्यवस्थागरिएको हुन्छ । उक्त सुचनापार्टीमाआयोजनाको नामतथाकार्यावधि, लाभान्वितवर्गको विवरण, लागतविवरण, संलग्ननिकायको विवरणजस्ता सुचना समेटीएको हुन्छ । सुचनापार्टीलाई आयोजनाको पायक पर्ने स्थलमा राखिएको हुन्छ ।

**सार्वजनिक लेखा परिक्षण**

लेखा परिक्षणकार्यमाविल भरपाईका साथै खरिद प्रकियाहरुलाई बढि हेरिन्छ तर उपभोक्ता समितिले ल्याएकाविल भरपाईहरु स्थानीयबजारमाचलेको चलनचल्तीवा कारोबार भन्दाबढि छ वाकम छ? कारोबार गर्दा प्रक्रियामात्रमिलेको छ कि?कतिको पारदर्शि ढंगबाटकामकार्वाहीअगाडीबढेको थियो वा छ?आदिजस्ता कुराहरु नियमित लेखा परिक्षणबाटनआउने भएकोले सार्वजनिक लेखा परिक्षणवाजनलेखा परिक्षण गर्नु जरुरी हुन्छतसर्थ पालिकाअन्तरगत संचालनभएकापुर्वाधारआयोजनाहरुको बिचमा र आयोजना सम्पन्नभएपश्चात सार्वजनिक लेखा परिक्षणकम्तीमा २ पटकगरिने छ । यो क्रियाकलाप संचालनगर्दा लाभग्राहीतथा सरोकारवालानिकायलाई उपभोक्ता समितिले अनिवार्य रुपमापत्राचार वाखबर गरेको हुनु पर्नेछ । सार्वजनिक लेखा परिक्षणमाआयब्यायमात्रनहेरि समग्र कार्य संचालनप्रक्रियातथा पद्धतिलाई हेरिन्छ । सार्वजनिक लेखा परिक्षण सम्पन्नभएपश्चातमात्रआयोजनाको फरफराकहुने भएकोले यो अत्यन्तमहत्वपूर्ण र प्रभावकारी मानिन्छ । सार्वजनिक लेखा परिक्षण संचालनगर्दा स्थानीय सरकार संचालन ऐन २०७४ माब्यबस्थाभएबमोजिमहुनेछ ।

**सामुदायिकपुष्ठपोषणसंयन्त्र :**

कार्यक्रममापारदर्शीता र जवाफदेहितालाई कायम गर्न सामुदायिकपुष्ठपोषण संयन्त्रको पनिव्यवस्तागरिएको छ । यस संयन्त्रअन्तरगतलाभग्राहीहरुले भएकानिर्णय, काम, कारवाही, छनौट, घरधूरी छनौट, ज्यालाएकिन, ज्याला रकमवितरण सम्बन्धमाचित्तनबुझेका कुराहरु देखिएमानगरपालिकाका सुचना/गुनासो सुन्ने अधिकारी वा सहयोग कक्षमाआइतवार देखीशुक्रवार

विहान१०वजे देखि वेलुकी ५ वजे सम्म सम्पर्क गर्न सकिन्छ । यसरी स्थानीयतहसँग सुचनावागुनासो प्रेषित गर्दा सुचनाउपलब्ध गराउने व्यक्तिको पहिचानगोप्य राखिने छ र उल्लेख गरेको समस्यावागुनासोलाई तुरुन्तै समाधान गर्न पहलगरिनेछ ।

**आयोजनाको सम्पन्नतथाअन्तिमलागततयार**

सामुदायिकभौतिकनिमार्ण कार्यमा संलग्नलाभग्राहीले डिजाईन ईस्टिमेटमातोकिएको काम सम्पन्न गरेको जानकारी साईट इन्चार्ज वाप्रतिनिधिले जानकारी गराएबमोजिमआयोजनाको नापजाँच र मूल्यांकनगरि अन्तिमलागत ईन्जिनियरबाटतयार पारिने छ । यसरी नाप, जाँच र मूल्यांकनगर्दा मूल्यांकनसिटमाटोली नेता र उपभोक्ता समितिको अध्यक्ष र साईट ईन्जार्चको दस्तखत गराउनभने छुटाउनु हुदैन । अन्तिमलागतबिलअनुसार लाभग्राहीले भुक्तानीपाउने भएकाले यसको महत्व धेरै छ ।

**आयोजनामा संलग्नलाभग्राहीलाई भुक्तानीप्रकीयाः**

भौतिकनिमार्ण कार्यमा संलग्नलाभग्राहीलाई निमार्ण कार्य आधा सम्पन्नभएपश्चातकूलकाम गरेको परिमाणको ८० प्रतिशतले हुनआउने रकमभुक्तानीकालागिप्रक्रियाअगाडीबढाईने छ साथै यसरी भुक्तानीप्रक्रियाअगाडीबढाउनअघिलाभग्राहीको पायक पर्ने बैंकमाखाताखोलिएको हुनु पर्नेछ । पहिलो किस्ताभुक्तानीकालागिकामको नापजाँचतथामूल्यांकनगरि रनिङ्गबिल ईन्जिनियरबाटतयार तथा पेश भएको हुनु पर्नेछ । उक्त रनिङ्गबिलकाआधारमाकति रकम बराबरको कामभयो र जम्माकाम गरेको दिनकति छ सो हेरी प्रतिलाभग्राहीले कति रकमपाउने हो सो को एकिनगरि स्थानीयतहबाटसिधै बैंक खातामाभुक्तानी र दक्षज्याला साझेदार संस्थाबाट बैंक मार्फत भुक्तानीहुनेछ ।
यसका साथै काम सम्पन्नभएपश्चातआयोजनामा संलग्न ईन्जिनियर वाप्राविधिकटोलीबाटकामको पूरा नाप, जाँचतथामूल्यांकनगरि हुनआएको रकममापहिलो किस्तामाभुक्तानीभएको रकमकट्टीगरि बाँकी रहेको रकमलाई लाभग्राहीको काम गरेको दिनको हाजिरी र कामको परिमाणबाटआउने रकमलाई भागगरि प्रतिदिन बराबरको ज्यालानिकालीजम्मालाभग्राहीको कामगरेको दिनलाई गुणनगरि अदक्ष र दक्षज्यालास्थानीयतहबाटसिधै बैंक मार्फत लाभग्राहीको खातामाजम्मागरिनेछ र सो को जानकारी लाभग्राहीलाई दिईने छ ।

**आयोजनाहस्तान्तरणः**

आयोजनाको दिगोरुपमा संचालनतथाब्यवस्थापन गर्नका लागि स्थानीय समुदायलाई स्थानीय सरकार वावडाको रोहवरमालाभान्वित समुदायतथावर्गसँगको बैठक संचालनतथाछलफलगरि सम्पन्नआयोजनावडाको पुरा स्वामित्व रहनेगरि हस्तान्तरणगरिनु पर्दछ । उक्त बैठककालागिउपभोक्ता समितितथावडाकार्यालयलेकम्तीमा ३ दिनअगावै बैठककालागि स्थानीयलाभग्राहीतथा सरोकारवालानिकायहरुलाई खबर वापत्राचार गरेको हुनु पर्नेछ । यसरी सबै सरोकारवालातथालाभग्राहीको सहभागितामाआयोजनाको हस्तान्तरणगर्दा समुदायतथा सरकारको बढिअपनत्व ल्याउँछ ।